सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडा, प्यूठान
लुम्बिनी प्रदेश

प.स.२०७८/०७९
च.न.

मितिः २०७८/१२/२०

**विषयः घरनक्सा अभिलेखिकरण सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ ले भवन तथा सडक निर्माण सम्बन्धि मापदण्डको ब्यबस्था गरेको छ। यस कार्यालय तथा वडा कार्यालयहरुबाट भवन निर्माण सम्बन्धि जानकारीहरु सम्बन्धित घरधनिहरुलाई जानकारी गराईएता पनि यस गाउँपालिकाको स्विकृत बेगर विना ड्रईङ्ग डिजाईन आफ्नो अनुकुल ढंगले भवन/घरहरु निर्माण गर्ने र त्यस पछि आवश्यक पर्दा मात्र गाउँपालिकामा सम्पर्क राख्ने गरेको पाईएकोछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले सबै स्थानीय तहहरुले राष्ट्रिय भवन संहिता पालना गर्नु पर्ने ब्यबस्था बमोजिम यस सरुमारानी गाउँपालिका भित्र निर्माण भएका भवनहरुको घर नक्सा एवं अभिलेखिकरणलाई ब्यबस्थित गर्ने उद्देश्यका साथ भवन संहिता २०७२ लागु हुनु पुर्व र लागु भए पश्चात तत्कालिन कानुन बमोजिम घरनक्सा पास गरी घर निर्माण गर्नु पर्नेमा अधिकांश ब्यक्तिहरुले नक्सापास नगरी वा घर निर्माण स्वीकृत बेगर निर्माण भएका, मर्मत भएका घरहरुको अभिलेखिकरण गरी सरमारानी गाउँपालिकाको बस्ति विकास तथा शहरीकरणको अवधारणालाई मुर्तरुप दिन **"सरुमारानी गाउँपालिकाको घर नक्सा अभिलेखिकरण कार्यविधी, २०७७"** स्वीकृत भई लागु भए बमोजिम **एक पटकको लागी** सरमारानी गाउँकार्यपालिकाको मिति २०७८/१२/०४ गतेको बैठकको निर्णय अनुसार हालसम्म नक्सा पास नभई निर्माण भएका घरहरुलाई अभिलेखिकरण गर्नका लागि २०७८ असार मसान्त सम्मको समय सीमा तोकी सार्वजनिक सुचना प्रकाशन गर्ने र २०७९ श्रावण १ गते देखि लागु हुने गरी घरनक्सा पासको काम शुरु गर्ने भनी निर्णय भएकोले नक्सापास लागु हुने मिति २०७९ श्रावण १ गते भन्दा पुर्व निर्माण भएका सबै ब्यक्तिहरुका घरहरुको अभिलेखिकरण गर्नका लागी तपशिलका कागजात सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल</u>

१. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि(घर निर्माण भएको कित्ताको)-१ प्रति
२. जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
३. नक्सापास किताव-१ प्रति
४. चालु आ.ब. को मालपोत/सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि-१ प्रति
५. घर बनेको जग्गाको ब्लु-प्रिन्ट, फायल र ट्रेस नक्साको सक्कल प्रति१/१ प्रति
६. निवेदकको पासपोर्ट साईजको फोटो-३ प्रति
७. यस गाउँपालिकामा दर्ता भएका कन्सल्टेन्सीबाट तयार भई सहीछाप भएको घरको नक्सा-२ प्रति
८. चार किल्ला प्रमाणितको वडाको सिफारिस पत्र-१ प्रति
९. निर्मित घर टहरा तथा पक्की भवनको चौतर्फी फोटो-१/१ प्रति
१०. घर नक्सा अभिलेखिकरण कार्यविधिको अनुसूची-१ बमोजिमको निवेदन र अनुसूची-८ बमोजिमको कबुलियतनामा पत्र- १/१ प्रति
११. घर नक्सा अभिलेखिकरण दरखास्त फारम किनेको नगदी रसिद-१ प्रति ।
१२. घर नक्सा अभिलेखिकरण कार्यविधिको अनुसूची-२ र अनुसूची-३ बमोजिमको नक्सा बनाउने प्राविधिकले उल्लेख गर्नुपर्ने विवरण पुर्ण रुपमा भरिएको फारम-१/१ प्रति

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत